स्विकृति तथा प्रमाणिकरण मितिः२०८३।०३।१०

# कचनकवल आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावना :** नेपालको संविधानले प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी मौलिक हकलाई कार्यान्वियन गरी कचनकवल गाउँपालिका भित्र स्वास्थ्य सेवाबाट कुनैपनि नागरिक बञ्चित हुने अवस्था आउन नदिन, सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पाउने जनताको मौलिक हकलाई सुरक्षित गर्न, उपलब्ध स्रोत र साधनको समुचित उपयोग गरी आधारभूत स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, व्यवस्थित, पारदर्शी र गुणस्तरीय बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (३) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## सक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम :** (१) यस कार्यविधिको नाम "कचनकवल आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ " रहने छ ।

(२) यो कार्यविधि कचनकवल गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “अस्पताल” भन्नाले रोगबाट ग्रसित व्यक्तिको रोगको निदान उपचार र आवश्यक स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले स्थापित पाँच शैय्याको कचनकवल आधारभूत अस्पताललाई बुझिन्छ।

(ख) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ग) “समिति” भन्नाले दफा १२ बमोजिमको सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्दछ।

(घ) “भवन संहिता” भन्नाले भवन ऐन, २०५५ को दफा ३ को उपदफा २ बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनुपर्दछ ।

(ङ) “कार्यपालिका” भन्नाले कचनकवल गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) “अध्यक्ष” भन्नाले आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति अध्यक्षलाई सम्झनु पर्दछ।

(ज) “अस्पताल इन्चार्ज” भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरुमध्ये सबैभन्दा वरिष्ठ तहको कर्मचारी वा अस्पताल प्रमुखको काम गर्नेगरी समितिले तोके बमोजिमको कर्मचारी सम्झनु पर्दछ ।

(झ) “फोहरमैला” भन्नाले अस्पतालजन्य वा अस्पतालबाट निस्कने फोहरलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## अस्पतालको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था

३. **अस्पतालको स्थापना :** (१) कचनकवल गाउँपालिका भित्रका नागरिकहरुको अस्पतालले दिने रोगको निदान, उपचार सेवा र अन्य स्वास्थ्य सेवा घर आगनमा सर्वसुलभ र गुणस्तरीय रुपमा प्रदान गरी सबै नागरिकको स्वस्थ जीवन यापनमा सघाउन गाउँपालिकास्तरीय पन्ध्र शैय्याको अस्पताल स्थापना गरिने छ।

(२) यो अस्पताल कचनकवल गाउँपालिका वडा नं. ६ स्थित बनियानीमा स्थापना हुनेछ।

४. **अस्पताल सञ्चालन :** (१) प्रचलित कानुनको अधीनमा रही १५ शैय्याको अस्पताल सञ्चालनको लागि कार्यपालिकाले निणर्य गरी अस्पताल सञ्चालन गरिनेछ ।

(२) अस्पतालले आफ्नो अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिई देहाय बमोजिमका स्वास्थ्य सेवाको सञ्चालन गर्नेछ ।

क) आकस्मिक सेवा,
ख) बहिरङ्ग सेवा,
ग) अन्तरङ्ग सेवा,
घ) सामान्य शल्यक्रिया सेवा,
ङ) फार्मेसी सेवा,

च) निदानात्मक सेवा (प्रयोगशाला रेडियोग्राफ ईमेजिङ)
छ) प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक सेवा,
ज) ब्लड बैङ्क सम्बन्धी सेवा,
झ) शवगृह व्यवस्थापन,
ञ) स्वास्थ्य बीमा सेवा,
ट) प्रसुती सेवा

५. **गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड :** (१) अस्पतालले दफा ४ बमोजिमको स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तर सुनिश्चितता गर्नुको साथै उल्लेखित मापदण्डको पालना गर्नु पर्नेछ ।

क) बहिरङ्ग सेवा लिने आउने विरामीको चापको आधारमा विरामी दर्ता, बिशेषज्ञ परामर्श निदानात्मक सेवाहरु र फार्मेसी सेवा छिटो छरितो दिने व्यवस्था मिलाउनु पर्नेछ ।

ख) अस्पतालले विभिन्न विभागहरुवाट दिने सेवाहरु गुणस्तरीय रुपमा सञ्चालन गर्न कार्य सञ्चालन निर्देशिका तयार गरी लागु गर्नु पर्नेछ।

ग) अस्पतालले विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण नियन्त्रणको व्यवस्था गर्नुपर्नेछ र सो को नियमित र प्रभावकारी अनुगमन गर्नुपर्नेछ ।

घ) अस्पतालले विशेषज्ञ चिकित्सक र अन्य चिकित्सकहरुको सेवा दिने समय तालिका दिन, बार स्पष्ट खुल्ने गरी सबैले देख्ने ठाउमा राखिएको हुनुपर्नेछ ।

ङ) अस्पतालले तोकिएको सेवा तोकिएको संबन्धित विशेषज्ञ चिकित्सक वा स्वास्थ्यकर्मी कर्मचारीवाट सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ।

च) अस्पतालमा आउने सेवाग्राहीलाई सहज रुपमा सेवा दिन सेवालाई व्यवस्थित गर्न एक सोधपुछ/सहायता कक्ष स्थापना गरिनेछ ।

छ) अस्पतालले सेवाग्राहीले लिन चाहेको सेवा चाहेको चिकित्सकवाट दिने गरी व्यवस्था मिलाउनु पर्नेछ।

ज) अस्पतालको क्षेत्र वरिपरि र सबै विभागहरु नियमित रुपमा सफा सुग्घर राखेको हुनुपर्नेछ ।

झ)अस्पताल परिसरमा सबैले देखे ठाउँमा उजुरी पेटिका, सेवाग्राही वडापत्र र सूचना अधिकारीको फोटो, फोन नम्बर सहित राख्नुपर्ने छ।आएका उजुरी, जनगुनासो सुन्ने अधिकारी तोकी सो उजुरी जनगुनासो समाधान गर्न व्यवस्था मिलाएको हुनुपर्नेछ।साथै समाधान हुन नसकेमा कारण सहित सम्बन्धीत व्यक्तिलाई जानकारी गराउनु पर्नेछ।

ञ) अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य कर्मचारीहरुको सेवा शर्त सम्बन्धी नियम वनाई कार्यान्वयन गर्नुपर्नेछ ।

ट) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार गर्ने पद्धतिवारे जानकारी दिई सेवा दिने व्यवस्था गर्नुपर्नेछ ।

ठ) अस्पतालले चौविसै घण्टा चिकित्सक तथा स्वास्थ्यकर्मीको व्यवस्था कार्यतालिका बिभाजन गरी आकस्मिक शैय्या क्षमता र बिरामीको चापको आधारमा चिकित्सक स्वास्थ्यकर्मी परिचालन गर्नु पर्नेछ।

ड) आकस्मिक विभागबाट बिरामी भर्ना गर्ने, रिफर गर्ने बिरामीको रेफरल प्रक्रिया र बिरामी सार्ने पद्धति स्पष्ट परिभाषा भएको हुनुपर्नेछ ।

ढ) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीको लागि कुल शैय्याको केहि प्रतिशत शैय्या छुटयाई निःशूल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

ण) उपलब्ध गराईएको उपचार सेवाको अभिलेख राखी गाउँ कार्यपालिकामा सोको प्रतिवेदन नियमित रुपमा बुझाउनु पर्नेछ।

त) अस्पतालले विपद व्यवस्थापन कार्ययोजना बनाएको हुनुपर्नेछ। सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी सोको जानकारी गाउँ कार्यपालिकाको कार्यालयलाई दिनुपर्नेछ।

(२) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिस्चितता प्रदान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गुणस्तर चिन्ह लिन अस्पताललाई प्रोत्साहन गरिनेछ।

६. **<u>गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था</u> :** (१) अस्पतालले आफुले प्रदान गरेको सेवाहरु यस कार्यविधिमा उल्लेखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्वन्धमा प्रत्येक वर्ष परीक्षण स्वःमूल्याङ्कन गराई सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गाउँ कार्यपालिकामा प्रचलित कानूनले तोके बमोजिमको ढाँचामा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगरे अस्पताललाई सो प्रतिवेदन पेश गर्न गाउँ कार्यपालिकाले निर्देशन दिन सक्नेछ।

(३) यस कार्यबिधि बमोजिम निरिक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगरेमा, यस निर्देशिका बमोजिमको गुणस्तर तथा पुर्वाधार मापदण्ड पूरा नगरेमा र गुणस्तर परीक्षणको बार्षिक प्रतिवेदन पेश नगरेमा अस्पताल प्रशासनलाई गाउँ कार्यपालिकाले आवश्यक कारबाही गर्न सक्नेछ ।

(४) अस्पताललाई कारबाही गर्नु पुर्व अस्पताललाई मनासिब माफिकको सफाई पेश गर्न मौका दिईनेछ ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले रोक्ने छैन ।

७. **<u>अस्पतालको पूर्वाधार सम्बन्धी मापदण्डहरु</u> :** (१) अस्पतालले सेवा सञ्चालन गर्दा देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनु पर्दछ ।

क) अस्पताल रहने स्थान धुवाँ, धुलो, ध्वनी, जल तथा जमिन प्रदुषणबाट मुक्त भएको हुनुपर्दछ।

ख) अस्पताल स्थापना हुने स्थानमा सडक यातायातको सहज पहुँच हुनुपर्नेछ ।

ग) पानी, बिजुली, सञ्चार र इन्टरनेट सेवाको चौबिसै घण्टा उपलब्ध भएको हुनुपर्नेछ।

घ) अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको व्यवस्था भएको हुनुपर्नेछ ।

ङ) सवारी साधन पार्किङका लागि पर्याप्त ठाउँ भएको हुनुपर्नेछ ।

च) अस्पताल परिसरमा स्वस्थकर वातावरणका लागि वृक्षारोपण तथा बगैचाँको व्यवस्था भएको हुनुपर्नेछ ।

छ) अस्पताल परिसरभित्र प्रतिक्षालयको व्यवस्था सँगै स्वास्थ्य शिक्षा प्रसार गर्न टेलिभिजनको व्यवस्था भएको हुनुपर्नेछ ।

ज) जोखिमपूर्ण फोहोरमैला व्यवस्थापनको लागि उपयुक्त प्रविधि व्यवस्था गर्नुका साथै फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र फोहोरमैला व्यवस्थापन नियमावली, २०७० बमोजिम फोहोर व्यवस्थापनका लागि आबश्यक पूर्वाधार व्यवस्था मिलाएको हुनुपर्दछ ।

झ) क्यान्टिन सुविधा अस्पताल हाताभित्र खाना पकाउन र खाना खाने अलग अलग ठाउँ सहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था भएको हुनुपर्नेछ ।

(२) आकस्मिक सेवाको लागि देहाय बमोजिमका पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेः-

क) कुल शैय्या क्षमताको कम्तीमा पन्ध्र प्रतिशतका दरले आकस्मिक कक्षमा शैय्याहरु उपलब्ध हुनुपर्नेछ । आकस्मिक सेवाका लागि छुट्याइएको शैय्यालाई देहाय अनुरुप वर्गीकरण गरी सेवा दिने व्यवस्था मिलाउनुपर्नेछ।

(१) Red (R) अति सिकिस्त बिरामीको सेवा दिने शैय्या बराबर एक प्रतिशत ।

(२) Yellow (Y) सिकिस्त बिरामीको सेवा दिने शैय्या बराबर दुई प्रतिशत।

(३) Green (G) सामान्य बिरामीको सेवा दिने शैय्या बराबर तीन प्रतिशत।

(४) Black (B) मृत्यु भइसकेका बिरामीलाई राख्ने शैय्या बराबर एक प्रतिशत।

(५) Observation Room/Bed बराबर तीन प्रतिशत।

ख) आकस्मिक कक्षा सञ्चालन गर्दा Ultrasound, X-ray, Lab room, OPD, IPD, OT कक्ष तथा अन्य वार्डहरुमा समेत सजिलै बिरामी ल्याउन लैजान सकिने (व्हिलचेर/ठूली/स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनु पर्नेछ ।

ग) आकस्मिक कक्षमा प्रतिक्षालय ट्रायज (Triage Room), चेन्जिङ रुम, Medico legal Case जस्तै Rape victim आदिको लागि गोपनियता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुनुपर्नेछ ।

घ) चौबिसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

ङ) अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबिसै घण्टा र चिकित्सक अनुकूलमा उपलव्ध हुने गरी व्यवस्था मिलाएको हुनुपर्नेछ।

च) प्रकोपजन्य रोगहरु प्राकृतिक प्रकोप जस्ता पक्षलाई विचार गरी आकस्मिक उपचार सेवाका लागि अस्पतालले विपद व्यवस्थापन योजना बनाएको हुनुपर्नेछ।

छ) आकस्मिक सेवामा काम गर्ने जनशक्तिले कम्तिमा Basic Life Support (BLS)/Primary Trauma Care (PTC)/Advance cardiac life Support (ACLS)/ Advance Life Support (ATLS) आदि सम्बन्धी तालिम लिएको हुनुपर्नेछ।

(३) बाहिरङ्ग बिभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछ।

क) अस्पतालबाट प्रदान हुने प्रत्येक विशेषज्ञ सेवाको लागि ओपिडि कक्षको व्यवस्था मिलाएको हुनुपर्नेछ ।

ख) अस्पतालमा सामान्यतया सामान्य चिकित्सा र स्त्री तथा प्रसुती सेवा हुनुपर्नेछ। अन्य सेवा पूर्वाधार खडा गरी अन्य विशेषज्ञ सेवा आबश्यकता अनुसार स्वेच्छिक रुपमा सञ्चालन गर्न सकिनेछ।

ग) उपलव्ध भएका चिकित्सकहरुमध्ये सेवाग्राहीले उपलव्ध भएसम्म रोजेको चिकित्सकसँग परीक्षण गर्न पाउने व्यवस्था मिलाउनु पर्नेछ ।

घ) बिरामी कुरुवालाई सुविधा अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार बिरामीको साथमा रहने एक जना कुरुवालाई बस्न सक्ने प्रबन्ध हुनुपर्नेछ।

(४) अन्तरङ्ग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछ।

क) नर्सिङ्ग ड्युटी स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नु पर्नेछ। उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैय्यामा कल बेल राख्नुपर्नेछ ।

(५) एलाईड हेल्थ एण्ड निदानात्मक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।

क) प्रत्येक किसिमको परिक्षणका लागि राष्ट्रिय जन स्वास्थ्य प्रयोगशाला नीति अनुरुपको प्रयोगशालाको व्यवस्था भएको हुनुपर्नेछ।

ख) एक्सरे सेवा प्रदान गर्दा विकिरणले पर्ने असर सावधानी अपनाउने विशेष समूहलाई खतराको सङ्केत दिई सावधानी सेवा प्रदायक र सेवाग्राहीले अपनाउनु पर्दछ ।

१) अस्पतालको पोषण, खोप, आमा र बच्चाको स्वास्थ्य, परिवार नियोजन, क्षयरोग, कुष्ठरोग जस्ता सेवाहरुको नेपाल सरकारको नीति बमोजिम प्रवद्धनात्मक तथा प्रतिरोधात्मक सेवा उपलव्ध हुनु पर्नेछ ।

(२) औषधी पसल (Pharmacy) का लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

क) अस्पताल हाता भित्र एक सुलभ फार्मेसी पसल अस्पतालले सञ्चालन गर्नेछ।

ख) चौबिसै घण्टा फार्मेसी सञ्चालनका लागि फार्मेसी विषय अध्ययन गरेको दक्ष जनशक्तिको व्यवस्था हुनुपर्नेछ ।

ग) फार्मेसी कक्षमा औषधी को गुणस्तर ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ। साथै ताप संवेदनशील औषधी तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा हनुपर्नेछ।

घ) उपचारमा प्रयोग गरिने लागु औषधी हरु (Narcotic drugs) लागु औषध नियन्त्रण ऐन, २०३३ बमोजिम आम्दानी तथा वितरणको अभिलेख राख्नु पर्नेछ ।

ङ) म्याद नाघेका औषधीहरु नियमित रुपमा नेपाल स्वास्थ्य अनुसन्धान परिषदको Hospital Waste Management Guideline मा उल्लेख भएकोमा सोही बमोजिम र नभएको खण्डमा बिश्व स्वास्थ्य संगठनको निर्देशिका बमोजिमको विधि अपनाई नष्ट गर्नु पर्नेछ।

च) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधी हरु चौबिसै घण्टा उपलव्ध हुने व्यवस्था हुनुपर्नेछ ।

छ) अस्पतालले वाह्य व्यक्ति वा संस्थालाई फार्मेशी सेवा सञ्चालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालना गर्नुपर्ने माथि उल्लेखित सम्पूर्ण शर्तहरू अनिवार्य रुपमा पालना गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

ज) औषधीको खुद्रा मूल्यमा छुटको व्यवस्था भएमा सबैले देख्ने गरी टाँस गर्नुपर्नेछ ।

झ) भवन संहितामा उल्लेखित मापदण्ड अनुरुप औषधी पसल सञ्चालन हुने भवन निर्माण भएको हुनुपर्नेछ ।

(६) रक्त सञ्चार सेवा देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।

क) अस्पताल हातामा ब्लड बैंकको व्यवस्था भएको हुनुपर्ने र सो नभएमा बिरामीको लागि आवश्यक पर्ने ब्लड उपलब्ध हुने गरी ब्यवस्था मिलाएको हुनु पर्नेछ ।

ख) ब्लड बैकको संम्बन्धमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको व्यवस्था भएको हुनु पर्नेछ ।

(७) अस्पताल व्यवस्थापन देहाय बमोजिमको पूर्वाधार सम्वन्धी मापडण्ड पूरा गरेको हुनु पर्नेछ:-

क) सोधपुछ तथा गुनासो सुनुवाई कक्ष :

१) सेवाग्राहीहरुको सुविधाको लागि आवश्यक कर्मचारी सहितको सोधपुध कक्षको व्यवस्था हुनुपर्नेछ।

(२) अस्पतालले प्रदान गर्ने सेवाका विषयमा सेवाग्राहीको गुनासो सुनुवाई गर्न उचित प्रवन्ध मिलाएको हुनुपर्नेछ ।

ख) सूचनाको संप्रेषण :

(१) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आवश्यक आन्तरिक टेलिफोन कलको व्यवस्थाको साथै आवश्यक आधुनिक संयन्त्रको प्रयोग हुनुपर्नेछ ।

(२) अस्पतालमा सार्वजनिक सञ्चार सेवाको व्यवस्था हुनुपर्नेछ ।

(३) प्रहरी, एम्बुलेन्स, दमकल जस्ता सेवा लगायतका आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नुपर्नेछ ।

ग) पानी वितरण :

(१) अस्पतालमा बिरामी र अन्य ब्यक्तिहरुका लागि चौबीसै घण्टा शुद्ध पानीको आपूर्ति हुनुपर्नेछ।

घ) विद्युत आपूर्ति :

(१) अस्पताल क्षेत्र भित्र र सबै बिभागहरुमा चौबीसै घण्टा विद्युत आपूर्ति हुने व्यवस्था मिलाएको हुनु पर्नेछ साथै लोडसेडिङको समयमा विद्युत आपूर्ति गर्न अटोमेटिक ब्याकअप सिस्टम स्थापना गरेको हुनुपर्नेछ ।

(२) अन्य इमर्जेन्सी कक्ष र संवेदनशील कक्षहरुमा आपतकालीन विधुत ब्याकअप सिस्टम राखको हुनपर्नेछ ।

ङ) सरसफाई तथा शौचालय सम्बन्धी व्यवस्था :

(१) अस्पतालको सम्पूर्ण क्षेत्र सधै सफा राख्नुपर्नेछ ।

(२) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि प्रर्याप्त पानी र सावुन सहितको शौचालयको व्यवस्था हनु पर्नेछ ।

(३) शौचालय सधै सफा राखेको हुनुपर्नेछ ।

(८) मर्मत संम्भार सम्बन्धी व्यवस्था :

क) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ। साथै ठूला र गम्भिर प्रकृतिका औजार उपकरणहरुको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत संभार कार्ययोजना बनाई सोही अनुरुप मर्मत गरेको हुनुपर्नेछ ।

ख) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र उपकरण, विधुतीय उपकरण र अन्य विद्युतीय उपकरणहरुको नियमित मर्मत संभार गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ ।

(९) लन्ड्रीको व्यवस्था :

क) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया खाले रुमाल जस्ता लुगा कपडा धुनको लागि लण्ड्रीको व्यवस्था हुनुपर्नेछ।

ख) अस्पतालमा भर्ना भएका बिरामीको लुगा धुने सुविधाको व्यवस्था भएको हुनुपर्नेछ ।

(१०) भण्डार व्यवस्था :

क) आपतकालीन अवस्थामा प्रयोग हुने सामाग्रीहरुको अलग्गै भण्डार कक्ष हुनुपर्नेछ।यस्तो भण्डारण कक्षमा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्नेछ ।

ख) अस्पतालको लागि लत्ताकपडा, सरसफाई सामग्री, औजार उपकरण तथा औषधीको न्यूनतम मौज्दात रहनुपर्ने र सो सामाग्रीको उपयुक्त भण्डारणक (Refrigerator, Ventilation, A/C) आदि व्यवस्था गरेको हुनुपर्नेछ।

(११) सुरक्षा व्यवस्था :

क) अस्पतालमा सुरक्षा व्यवस्था मिलाउन सुरक्षा गार्डको व्यवस्था भएको हुनुपर्नेछ।

ख) आपतकालीन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसँग समन्वय कायम गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ।

(१२) एम्बुलेन्स सञ्चालन : अस्पतालमा मेडिकल एटेन्डेन्ट सहितको १ वटा एम्बुलेन्स अनिवार्य हुनुपर्ने र अस्पतालले त्यस्ता मेडिकल एटेण्डेन्टलाई Basic Emergency Medicine Training दिने व्यवस्था मिलाउनुका साथै राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ बमोजिम हुनेछ ।

(१३) स्थान तथा जग्गा पूर्वाधार :

क) अस्पताल रहने स्थान अस्पताल रहने स्थान छनौट गर्दा पायक पर्ने गरी प्रदुषणमुक्त क्षेत्रको छनौट गर्नु पर्नेछ।

ख) अस्पताल सञ्चालनको लागि आफ्नै स्वामित्वको पर्याप्त जमिन वा लिजमा लिएको जमिन हुनुपर्नेछ।

(१४) अस्पतालको भवन :

क) अस्पताल सेवा सञ्चालन गरिने भवनको नक्सा र डिजाइन भवन आचारसंहिता मापदण्डमा भएको व्यवस्था अनुरुप स्वीकृत भएको हुनुपर्नेछ।

ख) अस्पतालले भवन आफ्नै स्वामित्वमा रहेको जमिनमा हुनुपर्नेछ।

ग) भवनमा सर्वसाधारणको जानकारीको लागि सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा प्रष्ट देखिने गरी राखिएको हुनुपर्नेछ।

घ) अस्पतालमा कोठाहरु उपयुक्त भेन्टिलेसन वा वातावरण अनुकूलित यन्त्र राखिएको हुनुपर्नेछ।

ङ) अस्पतालमा प्रशासनिक कार्यालय, ओ पी डी प्रयोगशाला, वार्ड, फार्मेसी, क्यानटिनको व्यवस्था हुनुपर्नेछ।

च) अस्पतालमा ब्हिलचेयर तथा ट्रलीको सहज आवागमनको व्यवस्थाका भएको हुनुपर्नेछ।

छ) प्रतिक्षालयमा आवश्यकता अनुसार वस्ने कुर्सीको व्यवस्था हुनुपर्नेछ र सूचना पाटी, टेलीभिजन, पत्रपत्रिका लगायतका माध्यमबाट सूचना प्रदान गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ।

ज) बिरामीको चापको अनुपातमा र सुबिधाजनक हुने गरी फर्निचर सहितको प्रतिक्षालयको व्यवस्था भएको हुनुपर्नेछ।

झ) आपतकालीन सेवाको लागि प्रयोग हुने सवारी साधनहरु अस्पतालको आपतकालीन कक्ष र अन्य आबश्यक ठाउँमा सहज रुपमा जान सक्ने गरी अलग्गै बाटो र गेटको व्यवस्था गरेको हुनुपर्नेछ।

ञ) अस्पतालभित्र प्रवेश गर्ने र बाहिर निस्कने अलग अलग प्रवेशद्वार र बार्हिगमनद्वार हुनुपर्नेछ।

ट) सेवाग्राही र अस्पताल कर्मचारीहरुले प्रयोग गर्ने सवारी साधन र एम्बुलेन्स, दमकल जस्ता सवारी साधनका लागि पार्किङ्गको व्यवस्था हुनु पर्नेछ ।

ठ) अस्पताल जेष्ठ नागरिक, बालबालिका तथा अपाङ्गमैत्री हुनुपर्नेछ ।

ड) व्हिलचेर, ट्रली, स्ट्रेचरको पर्याप्त व्यवस्था हुनुपर्नेछ र यस्ता सामाग्री राख्ने ठाउँ र चलाउन सकिने पर्याप्त ठाउँ र चलाउने मानिसको समेत व्यवस्था भएको हुनुपर्नेछ।

(१५) फोहोरमैला व्यवस्थापनका लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पूरा गरेको हुनुपर्नेछ।

क) अस्पतालबाट निस्काशित फोहोरमैला व्यवस्थापन फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र फोहोरमैला व्यवस्थापन नियमावली, २०७० ले तोके बमोजिम हुनुपर्नेछ।

ख) अस्पतालबाट निष्कासन हुने सामान्य तथा चिकित्साजन्य फोहोरमैला प्रकृति अनुसार श्रोतमै अलग अलग छुट्याउने, सङ्कलन, ढुवानी तथा बिसर्जन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

ग) अस्पतालबाट सिर्जित संक्रमणजन्य फोहोरलाई निसंक्रमित गरेर अन्तिम व्यवस्थापन गर्नुपर्नेछ ।

## परिच्छेद- ३

## जनशक्ति, औषधी तथा उपकरण व्यवस्थापन

८. **जनशक्ति सम्बन्धी व्यवस्था :** (१) अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले दरबन्दी निर्धारण गरे अनुसारको देहाय बमोजमका जनशक्ति रहनेछन्।

क) अस्पतालमा गाउँपालिकाबाट स्वीकृत कर्मचारी सङ्गठन संरचना र दरबन्दी अनुसूची-१ र अनुसुचि १(क) बमोजिम हुनेछ। गाउँसभाले कार्यपालिका र समितिको सिफारिसमा जनशक्ति दरबन्दी संशोधन गर्न सक्नेछ। र दरबन्दी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

ख) स्थायी जनशक्ति नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य सेवाको जनशक्ति र लोकसेवा आयोगबाट पदपूर्ति हुने स्थायी जनशक्ति

ग) करार सेवामा भर्ना गरिएका जनशक्ति

घ) अभ्यासकर्ताः छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरुले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पूर्ण वा आंशिक रुपमा गाउँपालिकाको सहयोग प्राप्त गरी छात्रावृत्तिमा अध्ययनरत विद्यार्थी

ङ) विषय विज्ञको रुपमा वैतनिक वा अवैतनिक स्वेच्छिक सेवा उपलब्ध गराउने व्यक्तिहरु
च) विभिन्न संस्थाहरुबाट ईन्टर्नसिप विद्यार्थीहरु
छ) नेपाल सरकारको स्वीकृति लिई मान्यता प्राप्त मेडिकल कलेजबाट सर्टिफिकेट प्राप्त वैदेशिक जनशक्तिलाई समेत कामकाजमा लगाउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर्मचारीबाट मात्र अस्पतालमा सेवा प्रवाह गराउन समस्या (अपुग) भएमा अस्पतालको कोषबाट सेवा सुविधा पाउने गरी कार्यपालिकाको निर्णयानुसार सेवा करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(३) सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति गर्दा खुला प्रतिस्पर्धात्मक पद्दति अनुरुप गाउँपालिकाको विद्यमान कानून बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(४) अस्पतालमा कार्यरत रहेका उपदफा (२) बमोजिमका कर्मचारीहरुको सेवा शर्त र सुविधा गाउँसभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) नियमित बाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य कर्मीहरुलाई समितिको सिफारिसमा कार्यपालिकाबाट स्वीकृत गरी थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

(६) कार्यालय प्रमुखको रुपमा अस्पताल इन्चार्ज (मेडिकल सुपरीटेन्डेन्ट) ले कार्य गर्नेछ। कार्यालय प्रमुख र अस्पतालमा कार्यरत अन्य कर्मचारीले कार्यसम्पादन करार प्रमुख प्रशासकीय अधिकृत समक्ष गर्नुपर्ने छ।

(७) समितिले गाउँपालिकासँग समन्वय गरी सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थासँगको साझेदरीमा सेवा करार मार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

(८) प्रतिवेदन लगायत नेपाल सरकारबाट तोकिएका अन्य गतिविधि सञ्चालन स्वास्थ्य शाखासँगको समन्वय तथा सहकार्यमा गर्नुपर्नेछ।

(९) गाउँ कार्यपालिका कार्यालयले अस्पतालमा आवश्यक सङ्ख्यामा कर्मचारी नियुक्ति, कामकाज, सरुवा गराई कर्मचारीलाई काममा खटाउन सक्नेछ।

९. **कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सेवा सुविधा :** (१) कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सम्पूर्ण सेवा सुविधा, अतिरिक्त समय तथा रात्रीकालीन सेवा सट्टा बिदा प्रचलित कानून बमोजिम समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) कार्यपालिकाले निणर्य गरी न्यूनतम निशुल्क सेवा सञ्चालन गर्न सक्नेछ।
क) कर्मचारी हप्ताको ४० घण्टा भन्दा बढी काम गरेको खण्डमा अतिरिक्त सेवा भत्ता दिइने छ ।
ख) कर्मचारी विदा सम्बन्धी व्यवस्था प्रचलित स्वास्थ्य कानूनले तोके बमोजिम हुनेछ ।

१०. **निर्देशकको काम, कर्तव्य र अधिकार :** १. अस्पताल व्यवस्थापन समितिको अधिनमा रही नेपाल सरकारबाट जारी गरिएका आधारभूत स्वास्थ्य सेवा तथा आवश्यक्ता अनुसार विशषज्ञ सेवा प्रवाह गर्न न्यूनतम सेवा मापदण्डलाई कार्यान्वयन गर्न र अस्पतालको दैनिक सेवा सञ्चालन गर्ने ।

२. अस्पताल सञ्चालनका लागि सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गर्ने।
३. अस्पताल सञ्चालनका लागि वार्षिक बजेट कार्यक्रम तयार गरी समितिमा पेश गर्ने।
४. अस्पताल गुणस्तर कायम राख्न क्षमता अभिवृद्धि गर्न, स्तरोन्नति गर्न तथा अन्य आवश्यक कार्यहरु गर्न समितिको निर्णयलाई कार्यान्वयन गर्ने ।
५. अध्यक्षको निर्देशनमा समितिको बैठक बोलाउने ।
६. बैठकको निर्णय प्रमाणित गर्ने र सुरक्षित राख्ने ।
७. समितिले तोके बमोजिम अन्य कामकाज गर्ने ।

११. **अस्पताल फार्मेसी सम्बन्धी व्यवस्था :** १. अस्पताल निःशुल्क औषधी वितरण तथा आवश्यक औषधी विक्री वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गर्नेछ ।

२. औषधी को खरिद, बिक्री, जिन्सी मौज्दात ब्यवस्थापन लगायतका कार्यहरुको लागि सप्टवेयरको व्यवस्था गरिनेछ ।

३. औषधी को गुणस्तर, उपभोग्य मिति, उपलब्ध परिमाण लगायतको जानकारी सहित फार्मेसी सम्बन्धी समग्र जिन्सी व्यवस्थापनको जिम्मा फार्मेसी हेर्ने कर्मचारीको हुनेछ।

## परिच्छेद-४

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**१२. अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको गठन :** (१) अस्पताल सञ्चालनको लागि देहाय बमोजिमको अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| ख) गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ) सामाजिक विकास समितिको संयोजक | -सदस्य |
| ङ) अस्पताल रहेको वडाका वडाध्यक्ष | -सदस्य |
| च) स्वास्थ्य शाखा प्रमुख | -सदस्य |
| छ) समाजसेवी, बुद्धिजीवीहरु मध्येबाट समितिबाट मनोनित दुई जना | -सदस्य |
| ज) अस्पतालको प्रमुखको जिम्मेवारी तोकिएको कर्मचारी | - सदस्य सचिव |

(२) समितिको मनोनीत सदस्यको पदावधि ३ वर्षको अथवा गाउँपालिकाले तोकेको अवधिसम्म हुनेछ । उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा गाउँपालिकाले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी निजलाई पदबाट हटाउनु अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**१३. अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** (१) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) सुव्यवस्थित ढङ्गले अस्पताल सञ्चालनको लागि आबश्यक नीतिगत, कानूनी एवं संस्थागत व्यवस्थाको लागि उपयुक्त निणर्य गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने।

ख) मापदण्ड अनुसार भौतिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन, औजार तथा उपकरणको व्यवस्था लगायतका कार्यहरु गर्न आबश्यक समन्वय, सहजीकरण र सहकार्य गर्ने ।

ग) अस्पताल सञ्चालनको लागि गाउँपालिकाले दिएको निर्देशनहरु र स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन गर्ने तथा गराउने ।

घ) अस्पतालको भौतिक, आर्थिक, सामाजिक एवम् संस्थागत वातावरणलाई स्वस्थ एवं स्वच्छ तुल्याउने।

ङ) अस्पतालको सेवा प्रवाहमा आएका गुनासाहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने।

च) गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाका लागि आवश्यक अन्य कार्य गर्ने।

**१४. समितिको बैठक सम्बन्धी कार्यबिधि :** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ ।

(४) समितिको कुल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितीमा समितिका प्रचलित मर्यादाक्रम अनुसार माथिल्लो मयार्दाक्रमको सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निणार्यक मत दिनेछ।

(७) समितिको निणर्य अध्यक्षले प्रमाणित गरी राख्नेछन् ।

(८) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा सरकारको कुनै अधिकृतलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यबिधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) अस्पताल निर्देशक अस्पतालको मेडिकल अधिकृत वा जेष्ठ कर्मचारी अस्पताल प्रमुख हुनेछ। निजले अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ ।

## परिच्छेद-५

## अस्पतालको कोष सञ्चालन तथा व्यवस्थापन

**१५. अस्पताल विकास कोष :** (१) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै एक अस्पताल विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछ र संस्थाको खर्च सोही कोषबाट व्यहोरिनेछ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

क) अस्पतालले प्रदान गरेको सेवा तथा सुविधा बापत प्राप्त रकम,

ख) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

ग) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

घ) अस्पतालमा प्राप्त हुने नगद आम्दानी।

ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) समितिले उपदफा (३) को खण्ड (घ) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) अस्पतालको तर्फबाट गरिने सम्पर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) अस्पतालको कोषमा रहेको रकम नेपाल भित्रको कुनै पनि बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(६) अस्पताल कोषको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र गाउँपालिकामा आर्थिक प्रशासन शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको आर्थिक प्रशासन शाखाको कर्मचारी संयुक्त दस्तखतबाट हुनेछ ।

(७) उपदफा (६) बमोजिमको आर्थिक प्रशासन सम्बन्धी काम गर्ने प्रमुख कर्मचारी नभएमा गाउँ कार्यपालिकाको कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख वा कर्मचारीको दस्तखतबाट हुनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख गरेको भए तापनि यस कार्यविधि पारित भएलगत्तै प्राथमिक स्वास्थ्य केन्द्रको नाममा कुनै बैकमा मौज्दात रहेको रकम स्वत: कचनकवलको आधारभूत अस्पतालको खातामा स्थानान्तरण गर्नुपर्नेछ ।

**१६. लेखा र लेखा परीक्षण :** (१) अस्पतालको आय व्ययको लेखा गाउँपालिकाले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) अस्पतालको आन्तरिक लेखापरिक्षण गाउँपालिकाको आन्तरिक लेखापरिक्षण शाखाबाट हुनेछ।

(३) अस्पतालको अन्तिम लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ।

(४) गाउँपालिकाले चाहेमा अस्पतालको आय व्ययको लेखा, नगदी, जिन्सी वा अन्यकागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

(५) यो कार्यविधि जारी हुँदाका बखत प्राथमिक स्वास्थ्य केन्द्र, बनियानीको जिम्मा र नाममा रहेका सम्पूर्ण विद्युतीय उपकरण, स्वास्थ्य उपकरण, चल अचल सम्पत्ति नेपाल सरकारले तोकेको ढाँचामा स्वत: कचनकवल आधारभुत अस्पतालको नाममा हस्तान्तरण हुने गरी प्रमुख प्रशासकीय अधिकृतले

प्रचलित कानून बमोजिम अगाडी बढाउन अस्पताललाई निर्देशन दिनेछ र सो कार्य सम्पन्न गर्नु अस्पताल प्रशासनको दायित्व हुनेछ । तत् सम्बन्धी अन्य प्रकृया प्रचलित कानून बमोजिम हुनेछ ।

**१७. <u>वार्षिक प्रतिवेदन पेश गर्ने</u> :** अस्पतालले वर्षभरिमा आफूले गरेको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र अस्पताल समिति मार्फत कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

**१८. <u>अधिकार प्रत्यायोजन</u> :** समितिले आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य सचिव वा समितिको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१९. निर्देशन दिने :** गाउँ कार्यपालिकाले समिति एवम् अस्पतालको काम कारबाहीका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको निर्देशनको पालना गर्नु समिति एवम् अस्पतालको कर्तव्य हनेछ।

**२०. <u>निर्देशिका बनाउने अधिकार</u> :** (१) यस कार्यविधि कार्यान्वियनको लागि समितिले आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाईएको निर्देशिका कार्यपालिकाबाट स्वीकृत भए पछि लागु हुनेछ।

**२१. <u>सेवा शुल्क निर्धारण सम्बन्धी व्यवस्था</u> :** अस्पताल बाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**२२. <u>पूर्ण सरकारी हुने</u> :** कचनकवल आधारभूत अस्पताल सरकारी अस्पताल हुनेछ। अस्पताल सञ्चालन र व्यवस्थापनको लागि आबश्यक जनशक्ति, भौतिक संरचना, आर्थिक स्रोत लगायतको व्यवस्थापन गर्न गाउँपालिकाले संघीय तथा प्रदेश सरकारसँग समेत आवश्यक समन्वय, सहकार्य र परामर्श गर्नेछ ।

**२३. <u>कार्यविधि हेरफेर तथा संसोधन</u> :** गाउँ कार्यपालिकाले उल्लेखित कार्यबिधिमा आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ।

**२४. <u>व्याख्या गर्ने अधिकार</u> :** यस कार्यविधिमा उल्लेखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आईपरेमा गाउँ कार्यपालिकाले सो मापदण्डको व्याख्या गर्नेछ।

**२५. <u>स्वतः अमान्य हुने</u> :** यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानूनको कुनै व्यवस्थासँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ

## परिच्छेद-६
## <u>बीमा कार्यक्रम</u>

क) नेपाल सरकारसँगको समन्वयमा अस्पताल बीमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

ख) बीमा कार्यक्रम सँग सम्बन्धीत अन्य व्यवस्था प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७
## <u>अस्पतालको छाप</u>

**२६. <u>अस्पतालको छाप</u> :** अस्पतालको सम्पूर्ण काम कारबाहीको निमित्त एउटा छुट्टै छाप हुनेछ। छापको नमूना र आकार अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ

## परिच्छेद-८
## <u>विविध</u>

**२७. <u>समायोजन</u> :** प्राथमिक स्वास्थ्य केन्द्र, बनियानी यो कार्यविधि अनुसार कचनकवल आधारभूत अस्पतालमा गाभिएको/ समायोजन भएको मानिनेछ। साथै प्राथमिक स्वास्थ्य केन्द्र, बनियानीको दरबन्दी यसै कार्यविधि बमोजिम कचनकवल आधारभूत अस्पतालमा समायोजन भएको मानिनेछ ।

**२८. <u>संसोधन</u> :** यस कार्यविधिमा उल्लेख भएका विषयहरुको संशोधन गर्नुपरेमा कार्यपालिकामा उपस्थित सदस्यको बहुमतबाट हुनेछ।

**२९. <u>प्रचलित कानून बमोजिम हुने</u> :** यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

३०. **थप दायित्व सृजना गर्न नहुने** : समितिको स्वीकृति बिना थप आर्थिक भार पर्ने गरी आर्थिक दायित्व सृजना गर्नु हुदैन ।


३१. **अधिकार प्रत्यायोजन गर्न सक्ने** : समितिले आफुलाई अधिकारहरु मध्ये आवश्कता अनुसार केही अधिकार अध्यक्ष, सदस्यहरु र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**अनुसूची-१**
**(दफा ८ सँग सम्बन्धित)**

# १५ शैय्याको आधारभूत अस्पतालको प्रस्तावित दरबन्दी तेरिज

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | प्रस्तावित कर्मचारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | व.क.।क. मेडिकल जनरलिष्ट | ९।१० | स्वास्थ्य | मेडिकल जनरलिष्ट | १ | |
| २ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज हे स | २ | |
| ३ | स्टाफ नर्स | ५।६।७ | स्वास्थ्य | जनरल नर्सिङ | ६ | |
| ४ | हेल्थ असिष्टेण्ट | ५।६।७ | स्वास्थ्य | हेल्थ इन्स्पेक्सन | ४ | |
| ५ | कविराज (आयुर्वेद सहायक) | ५।६।७ | स्वास्थ्य | आयुर्वेद | १ | |
| ६ | ल्याब टेक्निसियन | ५।६।७ | स्वास्थ्य | मेडिकल ल्याब टेक्नोलोजी | १ | |
| ७ | रेडियोग्राफर | ५।६।७ | स्वास्थ्य | रेडियोग्राफी | १ | |
| ८ | फार्मेसी सहायक | ५।६।७ | स्वास्थ्य | फार्मेसी | १ | |
| ९ | डेण्टल हाइजिनिष्ट | ४।५।६ | स्वास्थ्य | डेण्टिष्ट्रि | १ | |
| १० | एनेस्थेटिक सहायक | ५।६।७ | स्वास्थ्य | विविध | १ | |
| ११ | अप्थाल्मिक सहायक | ५।६।७ | स्वास्थ्य | विविध | १ | |
| १२ | नायब सुब्बा | रा प अनं प्र | प्रशासन | सा प्रशासन | १ | |
| १३ | कार्यालय सहयोगी | विहिन | प्रशासन | सा प्रशासन | ६ | |
| १४ | सरसफाइकर्मी | विहिन | प्रशासन | सा प्रशासन | ३ | |
| | जम्मा | | | | ३० | |

**अनुसूची-१(क)**
**(दफा ८ सँग सम्बन्धित)**



**अनुसूची-२**
**(दफा २६ सँग सम्बन्धित)**

**<u>अस्पतालको छाप</u>**




कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कचनकवल आधारभूत अस्पताल
कचनकवल-६, बनियानी, झापा